# नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं
Central Committee
Federation of Nepali Journalists


मिति : २०७५।०७।०६

**प्रेस विज्ञप्ति**

साउदी पत्रकार, लेखक तथा अल वतन दैनिकका पूर्वप्रधानसम्पादक जमाल खासोग्जीको हत्याका विरोधमा नेपाल पत्रकार महासंघले काठमाडौंस्थित साउदी अरेवियाको राजदूतावासमा विरोधपत्र बुझाएको छ ।

अक्टोबर २ तारिखमा टर्कीको इस्तानबुलस्थित साउदी महावाणिज्य दूतावासमा प्रवेश गरेदेखि वेपत्ता भएका पत्रकार खासोग्जीको महावाणिज्य दूतावासभित्रै हातपातका क्रममा मृत्यु भएको साउदी सरकारले करिव दुई हप्तापछि मात्रै स्वीकार गरेको हो ।

नेपाल पत्रकार महासंघले खासोग्जीको हत्याको घटनाप्रति कडा भर्त्सना गर्दै हत्याको छानवीन गरी सत्यतथ्य सार्वजनिक गर्न र दोषीमाथि कडा कारबाहीको मागसहित नेपालस्थित साउदी राजदुतावासमार्फत साउदी सरकारलाई विरोधपत्र बुझाएको हो ।

पत्रकार खासोग्जीको हत्याको विरोधमा विश्वभर उठेको विरोधका पक्षमा महासंघ ऐक्यवद्धता प्रकट गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ ।

**रमेश विष्ट**
**महासचिव**


फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org